# उत्पत्ति
# (Genesis)

## (मिशन समाचार सहित)


लेखकः

जाक बी. डुखान

(Jack B. Dukhan)

भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०२२ (बि.सं. २०७८)

ईन्टरनेट वेबसाईट : https://www.nepalworks.com/bhajupurna
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०७८ (ई.सं. २०२२)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## सुरुवातको पुस्तक

वास्तवमा भन्ने हो भने उत्पत्तिको पुस्तक येशूको बारेमा होः येशू हाम्रो सृष्टिकर्ता, येशू हाम्रो सँभारकर्ता, येशू हाम्रो मुक्तिदाता। यो पुस्तक मोशाले लेखेका थिए। हजारौं वर्षपछि अग्रज मोशाले लेखेका सृष्टिको विवरणको सुरुको व्याक्यका शब्दहरूलाई यूहन्नाले उतारेका थिए। त्यसमा उनले येशू नै सृष्टिकर्ता हुनुहुन्थ्यो भनेर ठोकुवा गर्दै यसरी लेख्दछन्, "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।" (यूहन्ना १:१-५)।

यूहन्नाले यहाँ के लेखे त? "आदिमा वा सुरुमा" जेजति सृजिएका थिए, जेजति पहिला अस्तित्व भएका थिएनन्-ती सबै येशूद्वारा नै अस्तित्वमा ल्याए अर्थात् तिनीहरूको सृजना गर्नुभयो। यस जगतमा भएका सारा सृष्टिको बारेमा सोच्नुहोसः अनगिन्ति नक्षेत्रहरू, अन्तरिक्षमा भएका सम्पूर्ण थोकहरू, तारा मण्डलहरू, सौर्यमण्डल (हाम्रो सौर्यमण्डल त जगत वा ब्रम्हाण्डको केवल एक थोपामात्र हो र हाम्रो पृथ्वी परमेश्वरको तराजुको धुलोको एक कणमात्र हो-यशैया ४०:१५), विभिन्न भूउपग्रह वा साटालाइटले दिमागलाई नै चकित पार्ने आकाशगङ्गाहरू, त्यहाँ चम्किने, घुमिरहने वा विद्यमान वा रहिरहने अनेकौं उज्ज्वल मण्डली वा ताराहरूका समूहहरूकोसाथै प्राणीमा हुने जटिल डिएनए वा वंशलाई जानकारी दिन भण्डार भएको भाइरस जुन अचम्म तरिकाले कोशमा बुनिरहेको हुन्छ। त्यो डिएनए शुक्ष्म कोशमा कसरी तैरिरहेको हुन्छ भन्ने कुरा केवल भौतिक विज्ञानलेमात्र थाहा दिन्छ, हाम्रो नाङ्गो आँखाले होइन। ती सबै थोक येशूले नै सृष्टि गर्नु भएको थियो र तिनीहरूलाई उहाँले नै सम्हालिरहनुभएको छ। र सम्पूर्ण बाइबलमा सृष्टिको र मुक्तिको पहिलो कथा उत्पत्तिको पुस्तकमा उल्लेख गरिएको छ। त्यसकारण, हाम्रो उत्पत्तिको लेखाजोखा गर्ने संसारको केवल एउटामात्र "आधिकारिक" पुस्तक हो, उत्पत्ति।

अङ्ग्रेजीमा "जेनिसिइज *Genesis*is" भन्ने शब्द ग्रीक भाषाको genesis जेनिसिसबाट आएको हो। त्यसको अर्थ "आदिमा, सुरु, प्रारम्भ" हो। यो हिब्रू

भाषाको बेरेशित bere'shit बाट आएको हो जसको अर्थ "आदिमा, सुरुमा वा प्रारम्भमा"। सारा बाइबलको पहिलो शब्दमै "आदिमा" हो। सारा बाइबलको जग वा आधार नै उत्पत्तिको पुस्तक हो। यो पहिलो पुस्तक भएकोले नै पछि लेखिएका पुस्तकहरूमा यसबाट धेरै उद्धृत गरिएको छ। अरू कुनै पुस्तकहरूभन्दा उत्पत्तिको पुस्तक अत्यन्तै महत्त्वपूर्ण वा उल्लेखनीय छ। हामी मानव प्राणी भएकोले हामी को हौं भनेर यसले बुझाउन सहयोग गर्दछ। विषेश गरेर वर्तमानमा युगमा यसमा भएका सत्यहरू समसामयीक र महत्त्वपूर्ण छ, किनभने, भौतिकवाद वा विज्ञानले हामीहरू केही पनि होइन, हाम्रो खास मूल्यमान्यता छैन, हामी अचानक सृष्टि भएका हौं, यस जगतमा हाम्रो भौतिक अस्तित्व केवल क्षणिकमात्र हो भनेर सिकाइरहेको छ। एक जना भौतिक शास्त्रीले, "हामी त केवल व्यवस्थित ढँगले थुपारिएको धुलोमात्र हो" भनेर लेखेका थिए। केही हदमा उनी ठिक छ, तर, उनको भनाइमा त्यो व्यवस्थित ढँग प्राकृतिक नियमको उपज हो भनेर उनले सिकाउँदछ। तर, उत्पत्तिले हाम्रो सत्य उत्पत्ति वा हामी कहाँबाट आएको हो भन्ने वास्तविक प्रकट गर्दछ। यस सिद्ध पृथ्वीमा हामी परमेश्वरको स्वरुपमा सिद्धरूपमा सृष्टिभएको हो र हाम्रो अस्तित्वको लक्ष्य छ भनेर उत्पत्तिले बताउँदछ। उत्पत्तिको पुस्तकले पतनको बारेमा पनि बताउँदछः यस सुन्दर र सिद्ध संसार अब सुन्दर र सिद्ध भएन र हामी मानव प्राणीमा किन सुन्दर र सिद्ध छैनौं भनेर पनि यही पुस्तकले बताउँदछ।

यस संसारले हामीलाई केवल दुःख, कष्ट, महामारी र मृत्युबाहेक अरू केही दिन सक्दैन, तर उत्पत्तिको पुस्तकले हामीलाई त्रास बनाउने ती सबै तत्वहरूबाट एक दिन राहत दिनुहुनेछ वा उद्धार गर्नुहुनेछ भनेर परमेश्वरको प्रतिज्ञासहित हामीलाई आशाको किरण छाइदिएको छ। हामीलाईमात्र होइन, यस पृथ्वीलाई पनि उद्धार गर्नेछ भनेर यही पुस्तकले औंल्याउँदछ।

अनेकौं नाटकीय आश्चर्यका कामहरूले सजिएको, जस्तै सृष्टि, जन्महरू, इन्द्रेनी, र उहाँको न्याय जस्तै जलप्रलय, सोडोम र गोमोरा, आदि कथाहरूले परमेश्वरको पवित्र उपस्थितिको आभास् हामी सबैलाई दिँदछ। यथार्थमा, हामी सबैलाई चकित पार्ने श्रद्धामय प्रेरणा दिने पुस्तक उत्पत्ति हो। तर, त्यतिमात्र नभएर उत्पत्तिको पुस्तक, विभिन्न मानव भावनाहरूले मिश्रित भएको कथाहरूले पनि भरिएको छ। याकूब र राहेलको जस्तो रोमाञ्चक प्रेम कहानी, याकूब र एसावको बीचमा भएको घरेलु घृणाको कहानी, इस्साहक,

याकूब, याकूबका छोराछोरीहरूको जन्मको विवरण, अब्राहम, सारा, राचेल, याकूब, युशूफहरूको मृत्युको लेखा, कैयन, सिमियोन र लेबीले गरेका हत्याकाण्डको पर्दाफास र एसावले याकूलाई, युशूफले उनलाई नाश गर्न चाहने दाजुहरूलाई दिएको क्षमा जस्ता मार्मिक कथाहरूले उत्पत्ति बनिएको छ। त्यतिमात्रै नभएर यो शिक्षादीक्षा वा उपदेश दिने पुस्तक पनि हो।कयिनर बाबेलको धरहरा बनाउनेहरूको नैतिकता, अब्राहम र याकूबमा भएको विश्वास, र सर्पको टाउकोलाई कुल्चिने र प्रतिज्ञा गरिएको देश दिने जस्ता आशा र मुक्तिको प्रतिज्ञाले पनि सजिएको पुस्तक उत्पत्ति हो।

जब यस अध्ययन पुस्तक हामी पढ्छौं तब हामी उत्पत्तिको पुस्तक केवल पढ्ने र अध्ययन गर्नेमात्र हुनेछैनौं। यसमा भएका अनेकौं मनमोहक कथाहरूलाई रमाइलो मानेर पढ्नेछौं। अनि हामी पनि अब्राहम, इसहाक, याकूब र सृष्टिकर्ता सनातन परमेश्वरसँग अझ नजिक भएर कसरी हिंड्न सिक्छौं भनेर यही पुस्तकमा खोतल्नेछौं।

फेरि, यसले देखाएका भौगोलिक अभियान पनि नियाल्नेछौं। अदनदेखि बाबेलसम्म, मिश्रदेशदेखि प्रतिज्ञा गरिएको देश देखि प्रतिज्ञा गरिएको स्वर्गको देशसम्म यात्रा गर्ने हामी मानव प्राणी यस संसारमा फिरन्तेमात्र हौं भनेर पनि उत्पत्तिको पुस्तकले हामीलाई बुझाउन खोजेको हामी हेर्नेछौं। हामी नयाँ स्वर्ग र नयाँ पृथ्वी जुन कि हाम्रो वास्तविक प्रतिज्ञा गरिएको भूमी हो र त्यो पाउने आशालाई दन्हिलो पारि राख्न कसरी शिक्षित हुन सक्छौं भनेर पनि यस पुस्तकमा खोताल्नेछौं। जब उत्पत्तिको पुस्तकका पानाहरूमा भएका विभिन्न पात्रहरूको अध्ययन गर्नेछौं तब तिनीहरू समय, काल, स्थान, संस्कृति, संस्कार, परम्परा, जीवनशैली र वातावरण तथा परिस्थितिहरूलाई हामी नियाल्नेछौं। तिनीहरू पौराणिक कालका पात्रहरू भएतापनि वा पौराणिक युग र संस्कृति वा सभ्यता भएतापनि धेरै जसो तिनीहरूको कथा हाम्रो पनि हो भनेर हामीले यस पुस्तकमा पत्ता लगाउनेछौं।

*जाक बी. डुखान, डिएचएल, टिएचडी आन्द्रयु विश्वविद्यालयको परिसरमा रहेको एकडिए थियोलोजिकल सेमिनारीमा हिब्रू र पुरानो करारको बारेमा गहिरोरूपमा व्याख्या गरेर सिकाउने अवकाशप्राप्त सम्माननीय प्राध्यापक हुनुहुन्छ। (उहाँ फ्रान्स देशको यहूदी हुनुहुन्छ जो एडभेन्टिस्ट हुनुहुन्छ-यस अनुवादकलाई उहाँकै सहकर्मी आन्द्रयु विश्वाविद्यालयकी अध्यापिका डा. कनी गेनले बताउनुभएकफो अनुसार)।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | सृष्टि | १ |
| २. | पतन | १६ |
| ३. | कयन र उसले सृजना गरेको परम्परा | ३० |
| ४. | जलप्रलय | ४४ |
| ५. | सारा राष्ट्रहरू र बाबेल | ५९ |
| ६. | अब्राहमका विश्वासका आधारशीलाहरू | ७५ |
| ७. | अब्राहमसँग करार | ९० |
| ८. | प्रतिज्ञा | ११२ |
| ९. | चलाक याकूब | १३२ |
| १०. | याकूब-इस्राएल | १५३ |
| ११. | प्रधान स्वप्नदर्शी यूशुफ | १७१ |
| १२. | मिश्र देशको राजकुमार यूशुफ | १९१ |
| १३. | मिश्र देशमा इस्रायलीहरू | २१२ |

# २०२२ दोस्रो त्रैमासिक मिसन कथाहरू

**यस त्रैमासिकको उब्रेको भेटीले साउथरन अफ्रिका इन्डिएन ओसन डिभिजनको देहायको आयोजनाहरूमा सहयोग मिल्नेछ:**

- बेलिज र आङ्गोलामा चर्च र प्रार्थमिक स्कूल
- आङ्गोलाको हुम्बोमको एडभेन्टिस्ट विश्वविद्यालयमा पुरुष छात्रबास
- आङ्गोलाको ल्वान्डामा घरेलु हिंसाको मारमा परेकाहरलाई परामर्स केन्द्र
- आङ्गोलाको लुवान्डामा सिक्वले प्रार्थमि स्कूल
- मलावीको एडभेन्टिस्ट विश्वविद्यालयमा सामुदायीक र नेतृत्व विकाश केन्द्रको स्थापना।
- मेयोटमा उत्तम जीवनशैली केन्द्र र एफएम रेडियो स्टेशनको स्थापना

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असार १०, २०७९ (जून २४, २०२२) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १२-१८ (मार्च २६- अप्रिल १) |
| २ | अध्याय २ | चैत्र १९-२५ (अप्रिल २-८) |
| ३ | अध्याय ३ | चैत्र २६- बैशाख २ (अप्रिल ९-१५) |
| ४ | अध्याय ४ | बैशाख ३-९ (अप्रिल १६-२२) |
| ५ | अध्याय ५ | बैशाख १०-१६ (अप्रिल २३-२९) |
| ६ | अध्याय ६ | बैशाख १७-२३ (अप्रिल ३०- मे ६) |
| ७ | अध्याय ७ | बैशाख २४-३० (मे ७-१३) |
| ८ | अध्याय ८ | बैशाख ३१- जेठ ६ (मे १४-२०) |
| ९ | अध्याय ९ | जेठ ७-१३ (मे २१-२७) |
| १० | अध्याय १० | जेठ १४-२० (मे २८-जून ३) |
| ११ | अध्याय ११ | जेठ २१-२७ (जून ४-१०) |
| १२ | अध्याय १२ | जेठ २८- असार ३ (जून ११-१७) |
| १३ | अध्याय १३ | असार ४-१० (जून १८-२४) |